चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

# सीपमूलक तथा स्वारोजगारमुखी तालिम सञ्चालनका लागि परामर्श सेवा लिनका लागि परामर्शदाता सेवा छनोटको तयार गरिएको आषयपत्र

मिति- २०८३ भाद्र १६ गते

चौदण्डीगढी नगरपालिका
बेल्टार, उदयपुर ।

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

# चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

प.सं.: २०८३/०८४
च. नं.:

☎035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np


## अभिव्यक्ति चाहना (EOI) मागसम्बन्धी सूचना

**संस्थाको नाम:** चौदण्डीगढी नगरपालिकाको कार्यालय ।
**ठेगाना:** बेल्टार, उदयपुर ।

**सूचना प्रकाशित मिति:** २०८३ भाद्र १६

यस चौदण्डीगढी नगरपालिका, बेल्टारको वार्षिक स्वीकृत कार्यक्रमअनुसार योग्यता पुगेका युवाहरूलाई स्वरोजगार बनाउने उद्देश्यले निम्न बमोजिमका सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने भएकाले इजाजतपत्र प्राप्त इच्छुक तालिम प्रदायक फर्म/संस्था/कम्पनीहरूबाट यो **अभिव्यक्ति चाहना (Expression of Interest - EOI)** आह्वान गरिएको छ-

**सञ्चालन गरिने तालिमहरू:**

**१. १५ दिने बारिस्ता (Barista) तालिम**
**२. २१ दिने कपाल काट्ने (Barber/Hair Styling) तालिम**
**३. १५ दिने कृष्टल मोतीमालाको एडभान्स तालिम**
**४. १५ दिने फ्लावर बुके (Flower Bouquet) तालिम**
**५. २१ दिने एल्युमिनियम फेब्रिकेसन (Aluminium Fabrication) तालिम**

**आवश्यक न्यूनतम योग्यता तथा कागजातहरू:**

- दर्ता वा नवीकरण भएको फर्म/संस्था/कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाण-पत्र तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्र ।
- सम्बन्धित विषयमा तालिम सञ्चालन गरेको न्यूनतम ५ वर्षको अनुभव तथा दक्ष प्रशिक्षकको विवरण (CV) ।
- संस्थाको प्रोफाइल (Company Profile) र तालिम कार्ययोजना ।

**EOI पेश गर्ने प्रक्रिया र अन्तिम मिति:** इच्छुक संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र मिति २०८३ भाद्र ३० गतेसम्ममा** कार्यालय समयमा आफ्ना कागजातहरू सहित प्राविधिक प्रस्ताव छाप लगाइएको शिलबन्दी खाममा चौदण्डीगढी नगरपालिकाको कार्यलयअन्तर्गत सामी शाखामा दर्ता गराउनु पर्नेछ । नियमानुसार रीत नपुगी वा म्याद नाघी आएका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन ।

***नोट:*** *सूचनासम्बन्धी विस्तृत जानकारी तथा तोकिएको प्रस्ताव फारम कार्यालयको सामी शाखाबाट वा वेबसाइट www.chaudandigadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ । संस्थालाई कुनै वा सबै प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने पूर्ण अधिकार सुरक्षित रहनेछ ।*

**सम्पर्क विवरण:**

**फोन नं:** ९८५११७९३१२

**इमेल:** chaudandigadhimun@gmail.com

**वेबसाइट:** www.chaudandigadhimun.gov.np

प्रमुख प्रशासकीय अधिकृत

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

# चौदण्डीगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेल्टार, उदयपुर,
## कोशी प्रदेश, नेपाल ।

चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेल्टार, उदयपुर, कोशी प्रदेश, नेपाल

### परामर्शदाता सेवा छनोटका लागि आशयपत्र (Expression of Interest - EOI)

| | |
|---|---|
| **परामर्श सेवा शीर्षक:** | सीपमूलक तथा स्वरोजगारमुखी तालिम सञ्चालनका लागि परामर्शदाता सेवा (*कफी मेकर, हेयर कटिङ, फूलको बुके निर्माण, क्रिस्टल मोती माला निर्माण तथा एल्युमिनियम फेब्रिकेसन तालिम*) |
| **परामर्श सेवा विधि:** | राष्ट्रिय खुला बोलपत्र (QCBS - Quality and Cost Based Selection) |
| **परियोजनाको नाम:** | सीपमूलक तथा स्वरोजगारमुखी तालिम सञ्चालन कार्यक्रम । |
| **EOI नं. :** | CCGM/EOI/CONS/01/2083/084 |
| **प्रकाशन मिति:** | २०८३/०५/१६ गते |
| **वित्तीय स्रोत:** | नेपाल सरकार तथा चौदण्डीगढी नगरपालिकाको स्वीकृत बजेट । |

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

# संक्षिप्त शब्दावली (Abbreviations)

| सङ्क्षिप्त रुप | पूर्ण रुप |
|---|---|
| EOI | Expression of Interest /आशयपत्र |
| TOR | Terms of Reference / कार्यादेश |
| GoN | Government of Nepal / नेपाल सरकार |
| PPA | Public Procurement Act, 2063 / सार्वजनिक खरिद ऐन, २०६३ |
| PPR | Public Procurement Regulations, 2064 / सार्वजनिक खरिद नियमावली, २०६४ |
| VAT | Value Added Tax / मूल्य अभिवृद्धि कर |
| PAN | Permanent Account Number / स्थायी लेखा नम्बर |
| JV | Joint Venture / संयुक्त उपक्रम |
| CV | Curriculum Vitae / व्यक्तिगत विवरण |
| QCBS | Quality and Cost Based Selection / गुणस्तर र लागतमा आधारित छनोट |

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची (Table of Contents)

खण्ड A: आशयपत्र (EOI) पेश गर्न आह्वानको सूचना
खण्ड B: आशयपत्र पेश गर्नेसम्बन्धी निर्देशन तथा योग्यताका आधारहरू
खण्ड C: परामर्श सेवाको उद्देश्य तथा संक्षिप्त विवरण
खण्ड D: EOI मूल्याङ्कन, अङ्क भार र छोटो सूचीकरण (Shortlisting)
खण्ड E: आशयपत्र (EOI) सम्बन्धी फाराम तथा ढाँचाहरू
खण्ड F: विस्तृत कार्यदिश (Terms of Reference - TOR)

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड-A

## आशयपत्र (EOI) पेश गर्ने आह्वानको सूचना

## अभिव्यक्ति चाहना (EOI) मागसम्बन्धी सूचना

**संस्थाको नाम:** चौदण्डीगढी नगरपालिकाको कार्यालय ।
**ठेगाना:** बेल्टार, उदयपुर ।

**सूचना प्रकाशित मिति:** २०८३ भाद्र १६

यस चौदण्डीगढी नगरपालिका, बेल्टारको वार्षिक स्वीकृत कार्यक्रमअनुसार योग्यता पुगेका युवाहरूलाई स्वरोजगार बनाउने उद्देश्यले निम्न बमोजिमका सीपमूलक तालिमहरू सञ्चालन गर्नुपर्ने भएकाले इजाजतपत्र प्राप्त इच्छुक तालिम प्रदायक फर्म/संस्था/कम्पनीहरूबाट यो **अभिव्यक्ति चाहना (Expression of Interest - EOI)** आह्वान गरिएको छ-

**सञ्चालन गरिने तालिमहरू:**

**१. १५ दिने बारिस्ता (Barista) तालिम**
**२. २१ दिने कपाल काट्ने (Barber/Hair Styling) तालिम**
**३. १५ दिने कृष्टल मोतीमालाको एडभान्स तालिम**
**४. १५ दिने फ्लावर बुके (Flower Bouquet) तालिम**
**५. २१ दिने एल्युमिनियम फेब्रिकेसन (Aluminium Fabrication) तालिम**

**आवश्यक न्यूनतम योग्यता तथा कागजातहरू:**

- दर्ता वा नवीकरण भएको फर्म/संस्था/कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाण-पत्र तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्र ।
- सम्बन्धित विषयमा तालिम सञ्चालन गरेको न्यूनतम ५ वर्षको अनुभव तथा दक्ष प्रशिक्षकको विवरण (CV) ।
- संस्थाको प्रोफाइल (Company Profile) र तालिम कार्ययोजना ।

**EOI पेश गर्ने प्रक्रिया र अन्तिम मिति:** इच्छुक संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिनभित्र मिति २०८३ भाद्र ३० गतेसम्ममा** कार्यालय समयमा आफ्ना कागजातहरू सहित प्राविधिक प्रस्ताव छाप लगाइएको शिलबन्दी खाममा चौदण्डीगढी नगरपालिकाको कार्यलयअन्तर्गत सामी शाखामा दर्ता गराउनु पर्नेछ । नियमानुसार रीत नपुगी वा म्याद नाघी आएका प्रस्तावहरू उपर कुनै कारबाही गरिने छैन ।

***नोट:*** *सूचनासम्बन्धी विस्तृत जानकारी तथा तोकिएको प्रस्ताव फारम कार्यालयको सामी शाखाबाट वा वेबसाइट www.chaudandigadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ । संस्थालाई कुनै वा सबै प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने पूर्ण अधिकार सुरक्षित रहनेछ ।*

**सम्पर्क विवरण:**
**फोन नं:** ९८५११७९३१२
**इमेल:** chaudandigadhimun@gmail.com
**वेबसाइट:** www.chaudandigadhimun.gov.np

कालीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड-B
## आशयपत्र पेश गर्नेसम्बन्धी निर्देशन

### १. परामर्शदाताको न्यूनतम योग्यता (Eligibility Criteria)

- नेपालमा प्रचलित कानुनबमोजिम दर्ता वा नवीकरण भएको संस्था/फर्म/कम्पनी हुनु पर्नेछ ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको हुनु पर्नेछ ।
- आर्थिक वर्ष २०८१/०८२ (वा पछिल्लो)को कर चुक्ता प्रमाणपत्र (Tax Clearance Certificate) पेश गर्नु पर्नेछ ।
- कमसेकम ३ वर्ष संस्था सञ्चालनमा रहे को र समान प्रकृतिका सीपमूलक वा व्यावसायिक तालिम सञ्चालन गरेको अनुभव भएको हुनु पर्नेछ ।
- आवश्यक प्राविधिक जनशक्ति तथा सम्बन्धित विषयका दक्ष प्रशिक्षक उपलब्ध हुनु पर्नेछ ।
- सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) बाट कालोसूचीमा नपरेको र स्वार्थको द्वन्द्व (Conflict of Interest) नरहेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

### २. संयुक्त उपक्रम (Joint Venture - JV)सम्बन्धी व्यवस्था

- अधिकतम **३ (तीन)** वटासम्म योग्य संस्था/फर्म/कम्पनी मिलेर संयुक्त उपक्रम (JV)को रूपमा आवेदन दिन सकिने छ ।
- JV सम्झौता पत्रमा मुख्य साझेदार (Lead Partner) र अधिकार प्राप्त प्रतिनिधि स्पष्ट तोकिएको हुनु पर्नेछ ।
- प्रत्येक साझेदार संस्थाले कानुनी, करसम्बन्धी र योग्यताका न्यूनतम मापदण्डहरू पूरा गरेको हुनु पर्नेछ ।
- समान प्रकृतिको कार्य अनुभव JV का सदस्यहरूको संयुक्त रूपमा मूल्याङ्कन गरिनेछ ।

### ३. पेश गर्नुपर्ने कागजातहरूको सूची

- **आशयपत्र निवेदन** (फाराम नं. १)
- संस्था/फर्म/कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि
- PAN/VAT दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- **संस्थागत विवरण** (फाराम नं. २)
- **समान प्रकृतिको कार्य अनुभव विवरण र सम्बन्धित सम्झौता/कार्यादेश/प्रमाणपत्रहरू** (फाराम नं. ३)
- **संस्थागत क्षमता र पूर्वाधार विवरण** (फाराम नं. ४)
- **प्रमुख विज्ञ तथा प्रशिक्षकहरूको व्यक्तिगत विवरण (CV) र शैक्षिक/तालिम प्रमाणपत्र** (फाराम नं. ५)
- कालोसूचीमा नपरेको र स्वार्थको द्वन्द्व नरहेको स्वघोषणा पत्र
- संयुक्त उपक्रम सम्झौता (Joint Venture Agreement) - JV को हकमा

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड-C
## परामर्श सेवाको उद्देश्य तथा संक्षिप्त विवरण

### १. मुख्य उद्देश्य

यस परामर्श सेवाको मुख्य उद्देश्य चौदण्डीगढी नगरपालिका क्षेत्रभित्रका आर्थिक तथा सामाजिक रूपमा विपन्न, बेरोजगार तथा लक्षित व्यक्तिहरूलाई बजारको मागअनुसार व्यावहारिक तथा रोजगारमुखी सीप प्रदान गरी स्वरोजगार, उद्यमशीलता र आयआर्जनका अवसर सिर्जना गर्नु रहेको छ ।

### २. विशिष्ट उद्देश्यहरू

- कफी तथा पेय पदार्थ निर्माणसम्बन्धी आधुनिक तथा व्यावहारिक बरिस्ता सीप विकास गर्ने ।
- हेयर कटिङ, स्टाइलिस डिजाइन तथा आधारभूत सैलुन व्यवस्थापनसम्बन्धी सीप प्रदान गर्ने ।
- विभिन्न अवसरका लागि प्राकृतिक तथा कृत्रिम फूलको बुके र सजावटी सामग्री निर्माण गर्ने सीप सिकाउने ।
- क्रिस्टल तथा मोतीका गहना एवम् सजावटी सामग्री उत्पादन गर्ने सीप प्रदान गरी स्थानीय तहमा उद्योग प्रवर्धन गर्ने ।
- एल्युमिनियमका ढोका, झ्याल, पार्टिसन तथा संरचना निर्माणसम्बन्धी प्राविधिक सीप विकास गर्ने ।

## खण्ड -D
## EOI मूल्याङ्कन, अङ्क भार र छोटो सूचीकरण

प्राप्त आशयपत्र (EOI) प्रस्तावहरूको मूल्याङ्कन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निम्न १०० अङ्क भारका आधारमा गरिनेछ । मूल्याङ्कनमा न्यूनतम **६० अङ्क** प्राप्त गर्ने योग्य परामर्शदाताहरू मध्येबाट नियमानुसार छोटो सूची (Shortlist) तयार पारिनेछ ।

### मूल्याङ्कन अङ्क भार तालिका

| क्र. सं. | मूल्याङ्कनको आधार | अधिकतम अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| १. | **विशिष्ट अनुभव** | **२५** | |
| क. | सामान्य अनुभव | १० | |
| ख. | समान प्रकृतिको कार्य/परियोजनाको विगतको अनुभव | १० | |
| ग. | समान भौगोलिक क्षेत्रमा काम गरेको | ५ | |

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

| क्र. सं. | मूल्याङ्कनको आधार | अधिकतम अङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| | विगतको अनुभव | | |
| २. | **कार्ययोजना तथा कार्यविधि** | **२५** | |
| क. | कार्यशर्त (ToR) को बुझाइ | ६ | |
| ख. | स्पष्ट कार्यदृष्टिकोण तथा कार्यविधि/प्रक्रिया | १५ | |
| ग. | कार्य सम्पन्न गर्नका लागि कार्ययोजना/ कार्यतालिका | ४ | |
| ३. | **कार्यका लागि मुख्य कर्मचारीको योग्यता तथा अनुभव** | **५०** | |
| क. | टोली प्रमुख | ३० | |
| ख. | टोली सहायक | २० | |
| **जम्मा** | **कूल जम्मा** | **१००** | |

## २. अङ्क प्रदान गर्ने आधार

| क्र. सं. | मूल्याङ्कनको मापदण्ड | अङ्क प्रदान गर्ने आधार |
|---|---|---|
| १. | संस्थाको प्रतिष्ठा (दक्षता/विश्वसनीयता/कार्य क्षेत्र) -५ अङ्क | २ वर्षसम्मको अनुभव → ५०% ३ देखि ४ वर्ष → ८०% ५ वर्ष वा सोभन्दा बढी → १००% |
| २. | समान प्रकृतिको कार्य/परियोजनाको विगतको अनुभव - १० अङ्क | १ वटा → ५०% २ देखि ३ वटा → ८०% ४ वा सोभन्दा बढी → १००% अन्यथा → ० |
| ३. | समान भौगोलिक क्षेत्रमा काम गरेको विगतको अनुभव - ५ अङ्क | १ वटा → ५०% २ देखि ३ वटा → ८०% ४ वा सोभन्दा बढी → १००% अन्यथा → ० |
| ४. | कार्यशर्त (ToR) को बुझाइ - ६ अङ्क | औसत → ५०% राम्रो → ७५% उत्कृष्ट → १००% |
| ५. | स्पष्ट कार्यदृष्टिकोण तथा कार्यविधि/प्रक्रिया | औसत → ५०% राम्रो → ७५%, |

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

| क्र. सं. | मूल्याङ्कनको मापदण्ड | अङ्क प्रदान गर्ने आधार |
|---|---|---|
| | - १५ अङ्क | उत्कृष्ट → १००% |
| ६. | कार्ययोजना/कार्यतालिका - ४ अङ्क | औसत → ५०% राम्रो → ७५% उत्कृष्ट → १००% |

## ३. मुख्य कर्मचारीको मूल्याङ्कन मापदण्ड

| उप–मापदण्ड | प्रतिशत/अङ्क | मूल्याङ्कनको आधार |
|---|---|---|
| **सामान्य योग्यता** | ३०% | ToR अनुसारको न्यूनतम योग्यता पूरा भएमा १००%, अन्यथा ० |
| **अनुभव** | ६०% | कम्तीमा १ वटा अनुभव भएमा ८०%, १ भन्दा बढी भएमा १००%, अन्यथा ० |
| **समान भौगोलिक क्षेत्रमा अनुभव** | १०% | कम्तीमा १ वटा अनुभव भएमा १००%, अन्यथा ० |
| **ज्ञान हस्तान्तरण** | ५ अङ्क | ज्ञान हस्तान्तरणका आधारमा |

**द्रष्टव्य (Note):** ***सामान्य योग्यता पूरा नभएमा सम्बन्धित विज्ञका अन्य उप–श्रेणीमा शून्य अङ्क प्रदान गरिनेछ ।***

- **कूल अङ्क:** १००
- **उत्तीर्ण हुन आवश्यक न्यूनतम प्राविधिक अङ्क :** ६०

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड -E
## आशयपत्र (EOI) फाराम तथा ढाँचाहरू

### फाराम नं. १: आवेदन पत्र (Cover Letter)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बेल्टार, उदयपुर, कोशी प्रदेश ।

**महोदय,**

प्रस्तुत EOI सूचना (नम्बर: CCGM/EOI/CONS/01/2083/084) तथा कार्यदिश (TOR) को अध्ययन गरी हाम्रो संस्था/फर्म/कम्पनीले उक्त परामर्श सेवा प्रदान गर्न आवश्यक कानुनी योग्यता, कार्यअनुभव तथा प्राविधिक क्षमता भएकाले यो आशयपत्र औपचारिक रूपमा पेश गरेका छौँ । हामीले यस आशयपत्रसाथ पेश गरेका सम्पूर्ण विवरण, कागजात तथा प्रमाणहरू सत्य, तथ्य र सही रहेको प्रमाणित गर्दछौँ। नगरपालिकाले माग गरेमा सक्कल प्रमाण पेश गर्न तयार रहेको व्यहोरा समेत अनुरोध गर्दछौँ ।

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

आवेदकको विवरण:

संस्थाको नाम: ..........................................................................................
ठेगाना: ..........................................................................................................
सम्पर्क फोन नं.: ...................................... इमेल: ........................................
दर्ता नं. र PAN/VAT नं.: ..........................................................................
अधिकृत प्रतिनिधिको नाम: ......................................................................
पदः ....................................... दस्तखतः ...................................................
मितिः ...................................................... संस्थाको छापः

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

## फाराम नं. २:

## आवेदक संस्थाको विवरण

**संस्थाको नाम (Name of Firm) :**

**दर्ता नं. र दर्ता मिति :**

**दर्ता गर्ने निकाय :**

**PAN / VAT दर्ता नं. :**

**मुख्य कार्यालयको ठेगाना :**

**टेलिफोन / मोबाइल नं. :**

**इमेल / वेबसाइट :**

**सम्पर्क व्यक्ति (Contact Person) :**

**संस्थाको मुख्य कार्यक्षेत्र (Core Business Area):**

**कार्यरत स्थायी प्राविधिक जनशक्ति सङ्ख्या :**

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## फाराम नं. ३: समान प्रकृतिको कार्य अनुभव (Past Experience)

| क्र. सं. | तालिमको नाम | आयोजक निकाय | सम्झौता रकम | सम्पन्न बर्ष |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

## फाराम नं. ४: संस्थागत पूर्वाधार तथा क्षमता (Institutional Capacity)

| पूर्वाधार विवरण | सङ्क्षिप्त जानकारी |
|---|---|
| स्थायी कार्यालय भवन तथा पूर्वाधार | |
| तालिम व्यवस्थापन तथा अनुगमन टोली | |
| विषयगत दक्ष प्रशिक्षकहरूको उपलब्धता | |
| तालिम सञ्चालनका लागि आवश्यक औजार र उपकरण | |
| प्रशिक्षण सामग्री (Handouts/Manuals) | |
| व्यवस्थापन क्षमता | |
| गुणस्तर नियन्त्रण तथा अनुगमन संयन्त्र | |

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

फाराम नं. ५: प्रमुख विज्ञ तथा प्रशिक्षकको विवरण (Key Experts / Trainers)

| प्रस्तावित विषय | प्रशिक्षकको नाम | शैक्षिक योग्यता | सम्बन्धित अनुभव (वर्ष) | प्रस्तावित जिम्मेवारी |
|---|---|---|---|---|
| कफी मेकर / बरिस्ता | | | | |
| हेयर कटिङ तथा सैलुन | | | | |
| फूलको बुके तथा सजावट | | | | |
| क्रिस्टल मोती माला | | | | |
| एल्युमिनियम फेब्रिकेसन | | | | |

*नोट- प्रशिक्षकहरुको योग्यता निम्नानुसार हुनु पर्ने छ ।*

**(क) बारिस्ता तालिमका लागि प्रशिक्षकको योग्यता (तीन सूहका लागि ६ जना प्रशिक्षक)**

१. प्राविधिक तथा व्यावहारिक सीप (Technical Skills)

- **कफी मेसिन र उपकरणको ज्ञान:** कमर्सियल एस्प्रेसो मेसिन, ग्राइन्डर (Grinder), र अन्य म्यानुअल क्याफे उपकरणहरू संचालन, क्यालिब्रेसन (Calibration) र दैनिक सरसफाइ/स्वास्थ्यसम्बन्धी पूर्ण ज्ञान।
- **एक्सट्रयाक्सन र दुध स्टिमिङ (Extraction & Milk Steaming):** सही एस्प्रेसो शट निकाल्ने तरिका (Dosing, Tamping, Extraction time) र पर्फेक्ट 'माइक्रोफोम' (Microfoam) बनाउने सीप ।
- **ल्याटे आर्ट (Latte Art):** आधारभूत ल्याटे आर्ट (हार्ट, ट्युलिप, रोजेट्टा आदि) बनाउने र सिकाउने कला।
- **मेनु र रेसिपी:** एस्प्रेसोमा आधारित पेय पदार्थहरू (क्यापुचिनो, ल्याटे, अमेरिकानो, मोका आदि) तथा कोल्ड कफी (Cold Brew, Iced Coffee) बनाउने स्पष्ट रेसिपी ज्ञान।

२. कार्य अनुभव (Work Experience)

- **व्यावसायिक अनुभव:** कम्तिमा २ देखि ३ वर्षसम्म राम्रो क्याफे वा कफी शपमा वरिष्ठ बारिस्ता (Head Barista) वा सुपरभाइजरका रूपमा काम गरेको अनुभव ।
- **अन्तर्राष्ट्रिय वा स्थानीय स्तरको कफी ज्ञान:** कफीका प्रजातिहरू (Arabica vs Robusta), प्रोसेसिङ विधि (Washed, Natural, Honey), र रोस्टिङ लेभल (Roast levels) को स्पष्ट ज्ञान ।

३. अध्यापन तथा सञ्चार क्षमता (Teaching & Communication Skills)

- **छोटो समयमा सिकाउन सक्ने क्षमता:** १५ दिनको सीमित समयमा सैद्धान्तिकभन्दा बढी ८०% **व्यावहारिक (Practical)** अभ्यास गराउन सक्ने योजना र क्षमता।
- **धैर्यता र प्रोत्साहन:** नयाँ सिक्नेहरूलाई नआत्तिईकन बारम्बार अभ्यास गराउने र गल्तीहरू तुरुन्तै सुधार्न सक्ने धैर्यता।
- **सञ्चार सीप:** कफीको भाषा सरल तरिकाले बुझाउन सक्ने क्षमता।

४. स्वच्छता, व्यवस्थापन र ग्राहक सेवा (Hygiene & Soft Skills)

- **खाद्य सुरक्षा र स्वच्छता:** क्याफेमा अपनाउनुपर्ने स्वच्छता, फुड सेफ्टी (Food Safety), र व्यक्तिगत सरसफाइका मापदण्डहरू सिकाउन सक्ने।
- **कस्टमर सर्भिस र क्याफे म्यानेजमेन्ट:** ग्राहकसँग गरिने व्यवहार, अर्डर लिने तरिका, र क्याफे सञ्चालनको आधारभूत ज्ञान दिन सक्ने।

काजीभान राई
प्रमुख प्रशासकीय अधिकृत

यदि सम्भव भएमा **SCA (Speciality Coffee Association)** वा सो सरहको मान्यता प्राप्त संस्थाबाट बारिस्ता सर्टिफिकेट वा **ToT (Training of Trainer)** तालिम लिएको प्रशिक्षक भएमा तालिमको गुणस्तर अझ उत्कृष्ट हुन्छ।

## (ख) हेयर कटिङ तालिमका लागि प्रशिक्षकको योग्यता (२ जना प्रशिक्षक)

**१. प्राविधिक तथा व्यवहारिक सीप (Technical Skills)**

- **कटिङ र स्टाइलिस सम्बन्धी पूर्ण ज्ञान:** पुरुष (Barbering) तथा महिला (Hair Styling) दुवै वा कुनै एक विधाका विभिन्न ट्रेन्डिङ र क्लासिक कटहरू (जस्तै: Layer, Bob, Fade, Undercut, Texture cut आदि) मा पूर्ण निपुणता।
- **उपकरणको प्रयोग र सुरक्षा:** कैंची (Scissors), ट्रिमर (Trimmers), रेजर (Razors), ब्लो ड्रायर (Blow Dryer) र आइरनिङ मेसिन जस्ता उपकरणहरूको सुरक्षित र सहि प्रयोग गर्ने तरिका सिकाउन सक्ने।
- **हेयर साइन्स र केमिकल ज्ञान:** कपालको प्रकार (Texture, Density, Elasticity), कपाल सम्बन्धी समस्या, scalp केयर र केमिकल प्रोडक्ट्स (Coloring, Rebonding, Perming) को प्रयोग सम्बन्धी ज्ञान।

**२. कार्य अनुभव (Work Experience)**

- **व्यावसायिक अनुभव:** कम्तिमा ३ देखि ५ वर्षसम्म नाम चलेको ब्युटी पार्लर, सैलुन वा कपाल सम्बन्धी एकेडेमीमा **Senior Hair Stylist** वा **Master Barber** को रूपमा काम गरेको प्रत्यक्ष अनुभव।
- **नवीनतम ट्रेन्डको ज्ञान:** बजारमा आइरहने नयाँ फेसन र हेयर कटिङ ट्रेन्डहरूसँग अध्यावधिक (Updated) भइरहने।

**३. अध्यापन र सञ्चार क्षमता (Teaching & Communication)**

- **प्रायोगिक अभ्यास (Hands-on Training) गराउन सक्ने:** सिद्धान्तभन्दा बढी ८०% **व्यवहारिक (Practical)** अभ्यास, डमी (Dummy head) र प्रत्यक्ष मोडलहरूमा अभ्यास गराउने क्षमता।
- **गल्ती सुधार्ने धैर्यता:** सुरुवाती सिकारुहरूलाई कैंची समात्ने तरिका, एंगल (Angles/Sectioning) मिलाउने तरिका धैर्यताका साथ सिकाउन सक्ने।
- **दृश्य प्रदर्शन (Live Demonstration):** विद्यार्थीहरूका अगाडि कटिङ गरेर स्पष्ट रूपमा प्रक्रिया बुझाउन सक्ने।

**४. स्वच्छता, व्यावसायिकता र प्रमाणिकरण (Certifications & Hygiene)**

- **स्वच्छता मापदण्ड:** औजारहरूको निसंक्रमण (Sterilization), सैलुनको सरसफाइ र व्यक्तिगत स्वच्छताका नियमहरू सिकाउन सक्ने।
- **ग्राहक सेवा (Customer Service):** ग्राहकको अनुहारको बनावट (Face Shape) अनुसार कुन कट उपयुक्त हुन्छ भनी सल्लाह (Consultation) दिन सिकाउने क्षमता।
- **औपचारिक योग्यता:** मान्यता प्राप्त ब्युटी/हेयर एकेडेमीबाट डिप्लोमा वा CTVT/NSDC वा equivalent संस्थाबाट **ToT (Training of Trainer)** वा लेभल-२/लेभल-३ प्रमाण-पत्र प्राप्त भएको।

## (ग) हेयर कटिङ तालिमका लागि प्रशिक्षकको योग्यता (२ जना प्रशिक्षक)

फूलको बुके (Bouquet/Floral Arrangement) बनाउने तालिम सञ्चालन गर्न प्रशिक्षकमा सिर्जनात्मक क्षमता, फूलहरूको प्रकृति सम्बन्धी प्राविधिक ज्ञान र सिकाउने कला हुनुपर्छ । यस्तो तालिमका लागि प्रशिक्षकमा हुनुपर्ने मुख्य योग्यता र क्षमताहरू देहाय बमोजिम छन्:

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

१. प्राविधिक तथा सिर्जनात्मक सीप (Technical & Creative Skills)

- **फ्लोरल डिजाइन र स्टाइल:** विभिन्न प्रकारका बुकेहरू (Round, Hand-tied, Cascade, Basket, Table arrangements आदि) बनाउने कला र विभिन्न अवसर (विवाह, जन्मदिन, बधाई, शोक) अनुसार डिजाइन छनोट गर्ने क्षमता।
- **रङ र सन्तुलनको ज्ञान (Color Theory & Balance):** कस्ता फूलहरू र पत्ताहरू (Foliage) आपसमा मिलाउँदा आकर्षक देखिन्छन् भन्ने रङको संयोजन र दृश्य सन्तुलनको पूर्ण ज्ञान।
- **फूलको स्याहार र आयु (Conditioning & Freshness):** कट-फ्लावर (Cut flowers) लाई लामो समयसम्म ताजा राख्ने तरिका, पानी र रसायनको सही प्रयोग, तथा काँडा/पत्ता सफा गर्ने तरिका।
- **र्यापिङ र फिनिसिङ:** विभिन्न र्यापिङ पेपर, रिबन, नेट र धागोको प्रयोग गरी व्यावसायिक रूपमा बुके प्याक गर्ने र आकर्षक लुक दिने सीप।

२. कार्य अनुभव (Work Experience)

- **व्यावसायिक अनुभव:** कम्तिमा २ देखि ३ वर्षसम्म व्यावसायिक फ्लोरिस्ट (Florist), फ्लावर शप वा इभेन्ट म्यानेजमेन्ट (Event Management) कम्पनीमा पुष्प सज्जा सम्बन्धी काम गरेको प्रत्यक्ष अनुभव।
- **बजार र मौसमी ज्ञान:** स्थानीय तथा आयातित फूलहरूको नाम, तिनको मौसमी उपलब्धता र बजार मूल्यबारे स्पष्ट ज्ञान।

३. अध्यापन र सञ्चार क्षमता (Teaching & Communication Skills)

- **व्यवहारिक सिकाउ (Practical Demonstration):** विद्यार्थीहरूलाई आफैं अगाडि सजाएर देखाउने र ८०% भन्दा बढी समय विद्यार्थीहरूलाई नै अभ्यास गराउन सक्ने क्षमता।
- **फजुल खर्च कम गर्ने सीप (Waste Management):** तालिमको क्रममा फूल र सामानहरू खेर जान नदिई अधिकतम प्रयोग गर्ने तरिका सिकाउने कला।
- **धैर्यता र प्रोत्साहन:** सुरुवाती सिकारुहरूलाई स्टेम (Stem) काट्ने एंगल र संरचना बनाउन धैर्यताका साथ मार्गदर्शन गर्ने।

४. व्यावसायिकता र व्यापारिक ज्ञान (Business & Safety Skills)

- **सुरक्षा र औजारको ज्ञान:** फ्लोरल नाइफ, सिजर्स (Pruners), टेप, र वायर (Wire) जस्ता औजारहरूको सुरक्षित प्रयोग सिकाउने।
- **लागत र बजार व्यवस्थापन (Costing & Pricing):** बुके बनाउँदा लाग्ने खर्चको हिसाब (Cost Estimation) र बजारमा बिक्री मूल्य तोक्ने तरिका सिकाउन सक्ने।
- **प्रमाणिकरण (Certification):** फ्लोरिकल्चर वा पुष्प व्यवसाय सम्बन्धी तालिम (ToT) वा मान्यता प्राप्त संस्थाबाट फ्लोरिस्ट्री (Floristry) को प्रमाणपत्र वा अनुभव पत्र भएको।

## (घ) क्रिष्टल मोती माला तालिमका लागि प्रशिक्षकको योग्यता (२ जना प्रशिक्षक)

क्रिष्टल मोतीको माला तथा गहना (Crystal Pearl/Bead Jewelry) बनाउने तालिम सञ्चालन गर्न प्रशिक्षकमा सुक्ष्म हस्तकला सीप, उच्च सिर्जनात्मकता र सिकारुहरूलाई सजिलै बुझाउन सक्ने क्षमता हुनुपर्छ। यस्तो तालिमका लागि प्रशिक्षकमा हुनुपर्ने मुख्य योग्यता तथा क्षमताहरू देहाय बमोजिम छन्:

१. प्राविधिक तथा हस्तकला सीप (Technical & Craft Skills)

- **डिजाइन र बुनाई कला:** क्रिष्टल र मोती प्रयोग गरी विभिन्न प्रकारका माला (Single/Multi-strand), पोते, ब्रेसलेट, कानको मुन्द्रा र सेट गहनाहरू बुन्ने तरिकामा निपुणता।

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

- **सामग्री र औजारको ज्ञान:** विभिन्न साइज र क्वालिटीका क्रिष्टल, मोती, तार (Jewelry wire/Nylon thread), लक (Clasp), हुक, जम्प रिङ र औजारहरू (Pliers, Cutter) को सही प्रयोग गर्न सक्ने सीप।
- **रङ संयोजन (Color Combination):** कपडा र अवसर अनुसार क्रिष्टल र मोतीको रङ मिलाएर आकर्षक गहना डिजाइन गर्ने कला।
- **फिनिसिङ र टिकाउपन:** मालाको फिनिसिङ सफा, बलियो र व्यावसायिक रूपमा बिक्री योग्य बनाउने तरिका सिकाउन सक्ने।

२. कार्य अनुभव (Work Experience)
- **व्यावसायिक अनुभव:** कम्तिमा २ देखि ३ वर्षसम्म क्रिष्टल/मोतीका गहना बनाउने कार्यमा प्रत्यक्ष संलग्न भई व्यावसायिक रूपमा बिक्री वितरण गरेको वा तालिम दिएको अनुभव।
- **बजारीकरण ज्ञान:** स्थानीय बजारमा प्रयोग हुने कच्चा पदार्थ कहाँ पाइन्छ र तयारी मालाको बजार मूल्य कसरी तोक्ने (Pricing) भन्ने व्यावहारिक ज्ञान।

३. **अध्यापन र सञ्चार क्षमता (Teaching & Communication Skills)**
- **प्रायोगिक सिकाउ (Practical Training):** सुक्ष्म र मसिनो काम हुने भएकाले विद्यार्थीहरूलाई नजिकै राखेर **स्टेप-बाई-स्टेप** बुनाई र गाँठो (Knotting) पार्ने तरिका देखाउन सक्ने क्षमता।
- **धैर्यता र एकाग्रता:** सुरुवाती सिकारुहरूले गर्ने गल्ती र तार अल्झिने जस्ता समस्याहरूमा नआत्तिईकन धैर्यताका साथ सिकाउने कला।

४. **साना व्यवसाय तथा व्यावसायिकता (Business & Entrepreneurship Skills)**
- **लागत अनुमान (Costing):** एउटा माला बनाउन लाग्ने कच्चा पदार्थको हिसाब र नाफा निकालेर बजारमा बेच्ने तरिका सिकाउन सक्ने।
- **औपचारिक प्रमाणिकरण:** हस्तकला वा गहना निर्माण सम्बन्धी कुनै मान्यता प्राप्त संस्था वा घरेलु तथा साना उद्योगबाट तालिम लिई **ToT (Training of Trainer)** वा अनुभवको प्रमाणपत्र भएको ।

### (ङ) फ्लावर बुके बनाउने तालिमका लागि प्रशिक्षकको योग्यता (२ जना प्रशिक्षक)

फूलको बुके (Bouquet/Floral Arrangement) बनाउने तालिम सञ्चालन गर्न प्रशिक्षकमा सिर्जनात्मक कला, कफी र फूलको प्रकृति सम्बन्धी प्राविधिक ज्ञान, र सिकाउने क्षमता हुनुपर्छ। यस्तो तालिमका लागि प्रशिक्षकमा देहाय बमोजिमका योग्यता र क्षमता हुनु आवश्यक छ:

१. **प्राविधिक तथा सिर्जनात्मक सीप (Technical & Creative Skills)**
- **फ्लोरल डिजाइन र संरचना:** विभिन्न प्रकारका बुके (Hand-tied, Round, Cascade, Table arrangement आदि) बनाउने कला र अवसर (विवाह, जन्मोत्सव, बधाई आदि) अनुसार डिजाइन छनोट गर्ने क्षमता।
- **रङ संयोजन (Color Theory):** कस्ता फूल, पत्ता (Foliage) र सामग्री मिलाउँदा आकर्षक देखिन्छ भन्ने रङ र सन्तुलनको ज्ञान।
- **फूलको स्याहार (Conditioning):** कट-फ्लावरलाई लामो समय ताजा राख्ने तरिका, Stem काट्ने सही तरिका र रसायनको प्रयोग।
- **फिनिसिङ र प्याकिङ:** विभिन्न प्रकारका र्यापिङ पेपर, नेट, रिबन र धागो प्रयोग गरी व्यावसायिक रूपमा आकर्षक बुके तयार पार्ने सीप।

२. **कार्य अनुभव (Work Experience)**

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

- **व्यावसायिक अनुभव:** कम्तिमा २ देखि ३ वर्षसम्म व्यावसायिक फ्लोरिस्ट (Florist), फ्लावर शप वा इभेन्ट व्यवस्थापन (Event Management) कम्पनीमा काम गरेको प्रत्यक्ष अनुभव।
- **बजार र सामग्रीको ज्ञान:** स्थानीय तथा आयातित फूलका प्रकार, तिनको मौसमी उपलब्धता र कच्चा पदार्थको बजार मूल्यबारे स्पष्ट ज्ञान।

३. **अध्यापन र सञ्चार क्षमता (Teaching & Communication Skills)**
   - **प्रायोगिक अभ्यास (Hands-on Training):** ८०% भन्दा बढी समय विद्यार्थीहरूलाई नै अभ्यास गराउन सक्ने र प्रत्यक्ष रूपमा बुके बनाएर देखाउन (Live Demonstration) सक्ने क्षमता।
   - **सामग्रीको सदुपयोग (Waste Management):** तालिमका क्रममा फूल र सामानहरू खेर जान नदिई अधिकतम प्रयोग गर्ने तरिका सिकाउने कला।
   - **धैर्यता:** सुरुवाती सिकारुहरूलाई Stem काट्ने र संरचना बनाउने काम धैर्यताका साथ सिकाउने क्षमता।

४. **व्यापारिक ज्ञान र प्रमाणिकरण (Business Skills & Certification)**
   - **लागत र मूल्य निर्धारण (Costing & Pricing):** बुके तयार पार्दा लाग्ने लागत र बजारमा बिक्री मूल्य तोक्ने तरिका सिकाउन सक्ने।
   - **औपचारिक योग्यता:** मान्यता प्राप्त संस्था वा फ्लोरिकल्चर एसोसिएसनबाट तालिम लिई प्रमाणपत्र वा **ToT (Training of Trainer)** हासिल गरेको।

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड -F

## विस्तृत कार्यादेश (Terms of Reference - TOR)

### १. परामर्श सेवाको नाम

कफी मेकर, हेयर कटिङ, फूलको बुके निर्माण, क्रिस्टल मोती माला निर्माण तथा एल्युमिनियम फेब्रिकेसन सम्बन्धी सीपमूलक तथा स्वरोजगारमुखी तालिम सञ्चालनका लागि परामर्शदाता सेवा ।

### २. परामर्शदाताको कार्यक्षेत्र (Scope of Work)

परामर्शदाताले चौदण्डीगढी नगरपालिकाको प्रत्यक्ष समन्वयमा पाँचवटै तालिमको योजना, व्यवस्थापन, दक्ष प्रशिक्षक परिचालन, तालिम सामग्री तथा उपकरणको व्यवस्थापन, व्यावहारिक प्रशिक्षण, मूल्याङ्कन र प्रतिवेदन तयार गर्नु पर्नेछ ।

काजीमान राई
प्रमुख प्रशा... अधिकृत

## तालिम नं. १: कफी मेकर / बरिस्ता तालिम (१५ दिन)

**मुख्य विषयवस्तुहरू:**

- कफीको परिचय, कफीका जातहरू र कफी मेसिनको प्रयोग तथा सरसफाइ ।
- एस्प्रेसो तयारी, क्यापुचिनो, ल्याटे, अमेरिकानो लगायतका पेय पदार्थ निर्माण ।
- दूध फ्रोथिङ (Milk Frothing) विधि र आधारभूत ल्याटे आर्ट (Latte Art) ।
- खाद्य सुरक्षा, व्यक्तिगत सरसफाइ, ग्राहक सेवा र कफी शप सञ्चालनको आधारभूत ज्ञान ।

**अपेक्षित उपलब्धि:** *तालिमार्थीले कफी मेसिन सञ्चालन गरी आधुनिक क्याफेमा बरिस्ताका रूपमा काम गर्न वा आफ्नै व्यवसाय सञ्चालन गर्न सक्ने ।*

## तालिम नं. २: हेयर कटिङ तथा आधारभूत सैलुन तालिम (२१ दिन)

**मुख्य विषयवस्तुहरू:**

- कपाल तथा टाउकोको आधारभूत संरचना र औजारहरूको परिचय एवं प्रयोग।
- पुरुष तथा महिलाको विभिन्न आधुनिक हेयर कटिङ तथा स्टाइलिस विधि।
- कपाल धुने, सुकाउने (Blow Dry), आधारभूत हेयर कलरिङ र ट्रिमिङ।
- सैलुन सरसफाइ, औजार निसङ्क्रमण (Sterilization) र सैलुन व्यवस्थापन सीप।

**अपेक्षित उपलब्धि:** *तालिमार्थीले आधारभूतदेखि व्यावसायिक स्तरसम्मका हेयर कटिङ तथा सैलुन सेवाहरू प्रदान गर्न सक्ने ।*

## तालिम नं. ३: फूलको बुके निर्माण तथा सजावट तालिम (१५ दिन)

**मुख्य विषयवस्तुहरू:**

- प्राकृतिक तथा कृत्रिम फूलको छनोट, रङ संयोजन र डिजाइन सिद्धान्त ।
- विवाह, जन्मदिन, बधाई तथा विभिन्न समारोहका लागि बुके (Bouquet) निर्माण ।
- उपहार प्याकेजिङ, मञ्च सजावट, सामग्रीको लागत तथा मूल्य निर्धारण ।
- बजार व्यवस्थापन र पुष्प व्यवसाय (Floriculture) सम्बन्धी ज्ञान ।

**अपेक्षित उपलब्धि:** *तालिमार्थीले व्यावसायिक रूपमा फूलको बुके तथा सजावटी सामग्री निर्माण गरी बिक्री वितरण गर्न सक्ने ।*

## तालिम नं. ४: क्रिस्टल मोती माला निर्माण तालिम (१५ दिन)

**मुख्य विषयवस्तुहरू:**

- क्रिस्टल, मोती, धागो, तार र औजारहरूको परिचय ।
- विभिन्न डिजाइनका माला, नेकलेस, ब्रासलेट तथा गहना निर्माण विधि ।
- रङ संयोजन, गुणस्तर नियन्त्रण, आकर्षक प्याकेजिङ ।
- लागत अनुमान र बजारीकरण ।

**अपेक्षित उपलब्धि:** *तालिमार्थीले बजारयोग्य क्रिस्टल तथा मोतीका गहना निर्माण गरी घरेलु/लघु उद्यम सञ्चालन गर्न सक्ने ।*

कालीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## तालिम नं. ५: एल्युमिनियम फेब्रिकेसन तालिम (२१ दिन)

**मुख्य विषयवस्तुहरू:**

- एल्युमिनियम प्रोफाइल, मापन (Measurement) र मार्किङ औजारको प्रयोग ।
- कटिङ, ड्रिलिङ, एसेम्ब्ली र ढोका तथा झ्याल निर्माण ।
- ग्लास फिटिङ, पार्टिसन निर्माण र फ्रेम संरचना ।
- व्यावसायिक सुरक्षा सावधानियाँ, लागत अनुमान र गुणस्तर नियन्त्रण ।

**अपेक्षित उपलब्धि:** *तालिमार्थीले आधारभूत एल्युमिनियम ढोका, झ्याल तथा फेब्रिकेसन कार्य गरी रोजगारी वा उद्यम सुरु गर्न सक्ने ।*

### ३. परामर्शदाताको मुख्य जिम्मेवारी

- प्रत्येक तालिमको विस्तृत प्रशिक्षण कार्ययोजना र तालिका तयार गरी नगरपालिकाबाट स्वीकृत गराउने ।
- सम्बन्धित विषयमा प्रमाणित सीप र व्यावहारिक अनुभव भएका योग्य प्रशिक्षक परिचालन गर्ने ।
- तालिम सञ्चालनका लागि आवश्यक गुणस्तरीय तालिम सामग्री, औजार र उपकरण व्यवस्था गर्ने ।
- ८०% व्यावहारिक र २०% सैद्धान्तिक अनुपातमा प्रशिक्षण सञ्चालन गर्ने ।
- दैनिक हाजिरी, प्रशिक्षार्थीहरूको मूल्याङ्कन र फोटो/भिडियो अभिलेख राख्ने ।
- तालिम सम्पन्न भएपछि नियमानुसार विस्तृत अन्तिम प्रतिवेदन पेश गर्ने ।

### ४. प्रतिवेदन पेश गर्नेसम्बन्धी व्यवस्था

**प्रारम्भिक प्रतिवेदन (Inception Report):** सम्झौता भएको ७ दिनभित्र कार्ययोजना, तालिका र प्रशिक्षक विवरण पेश गर्नुपर्ने ।

**प्रगति विवरण (Progress Report):** तालिमको मध्य अवधिमा सञ्चालन अवस्था र हाजिरी विवरण पेश गर्नुपर्ने ।

**अन्तिम प्रतिवेदन (Final Completion Report):** तालिम सम्पन्न भएको १५ दिनभित्र हाजिरी, फोटो, मूल्याङ्कन, नतिजा र सुझावसहित पेश गर्नुपर्ने ।

### ५. भुक्तानीका सर्तहरू (Payment Terms)

- **प्रथम किस्ता:** प्रारम्भिक प्रतिवेदन (Inception Report) स्वीकृत भएपछि - कूल सम्झौता रकमको **२०%**
- **दोस्रो किस्ता:** तालिमको मध्य प्रगति प्रतिवेदन पेश भई स्वीकृत भएपछि – कूल सम्झौता रकमको **४०%**
- **अन्तिम किस्ता:** तालिम पूर्ण रूपमा सम्पन्न भई अन्तिम प्रतिवेदन स्वीकृत भएपछि - कूल सम्झौता रकमको **४०%**

कालीमान राई
प्रमुख प्रशासकीय अधिकृत

## ६. निष्कर्ष

यस परामर्श सेवाअन्तर्गत सञ्चालन हुने **पाँचवटा** सीपमूलक तालिमबाट चौदण्डीगढी नगरपालिका क्षेत्रका स्थानीय युवा तथा महिलाहरूमा दक्षता अभिवृद्धि भई स्वरोजगार र उद्यमशीलतामा टेवा पुग्ने विश्वास लिइएको छ ।

काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत